# आयकर ऐन, २०५८ बमोजिम निवृत्तिभरण आयमा करको गणना गर्ने तरिका

श्री ५ को सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग
लाजिम्पाट,काठमाडौं
चैत्र, २०५९

*"कर तिर्नु कानूनी कर्तव्य मात्र होईन,*

*सम्मान पाउने अवसर पनि हो"*

- निवृत्तिभरण आय भनेको अबकाशप्राप्त कर्मचारीले दशैं खर्च लगायतको बार्षिक रूपमा भुक्तानी पाउने रकम हो ।
- निवृत्तिभरण आयमा करको हिसाव गर्दा निम्नानुसार गर्नु पर्छ –
  - कर छुट पाउने संस्थालाई दिएको निवृत्तिभरण आयको छ प्रतिशत वा १ लाख सम्मचन्दा दिएको रकम (जुन बढी हुन्छ) निवृत्तिभरण आयबाट घटाउने ।
  - यदि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि कर छुट हुने भनेको कामको लागि चन्दा दिएको भए त्यस्तो रकम पनि निवृत्तिभरण आयबाट घटाउने ।
  - चन्दा रकम घटाई बांकी रहने रकमबाट कर छुट सीमा रकममा सो को २५ प्रतिशत थप गरि (कर छुट हुने रकम वापत अबकाश प्राप्त कर्मचारी एक्लो भए ८१,२५०।– रूपैया र दम्पत्ति भए १,०६,२५०।– रूपैयां) घटाउने ।
  - बांकी रहने रकमबाट अबकाश प्राप्त कर्मचारी दुर्गम क्षेत्रको कुनै बर्गमा बसोबास गर्ने भए त्यो बर्गको लागी तोकिएको दुर्गम भत्ता रकम घटाउने ।
  - उपरोक्तानुसार घटाई सकेपछि बांकी रहने रकम मध्ये पहिलो ७५,०००।– मा १५ प्रतिशतका दरले करको हिसाव गर्ने । त्यसपछिको बांकी रहने रकममा २५ प्रतिशतका दरले हिसाव गर्ने । यसरी १५ प्रतिशतका दरले र २५ प्रतिशतका दरले हिसाव गरिएको रकमहरूको जोड निजको त्यो वर्ष लाग्ने जम्मा कर हुन्छ ।

- यसरी हुने जम्मा लाग्ने करबाट निजले आफ्नो लागि सो वर्ष औषधिउपचार खर्च गरेको भए औषधि उपचार वापत भएको खर्च रकमको १५ प्रतिशतले हुने रकमबा६ रू. ७५०।- सम्म एक आ.ब. मा घटाउन पाईने हुंदा घटाउने । बांकी रकम आगामी आ.ब. लाई सार्न पाउने ।
- जम्मा लाग्ने करबाट औषधीउपचारको रकम घटाए पछि हुने कर रकम लाई १२ ले भाग गरि हुने मासिक कर रकम निवृत्तिभरण भुक्तानी गर्ने सम्वन्धित बैंकले अबकाश प्राप्त कर्मचारीलाई दिने निवृत्तिभरणबाट कटाई प्रत्येक महिना आन्तरिक राजश्व कार्यालयमा दाखीला गर्नु पर्छ ।

- २५ प्रतिशत कर लाग्ने व्यक्तिलाई कति रकममा २५ प्रतिशतको दरले कर लागेकोछ, सो रकममा ३ प्रतिशत थप शुल्क पनि लगाउनु पर्छ ।

उपरोक्त कानूनी व्यवस्थाको परिपेक्षमा उदाहरणकोलागी एक्लो व्यक्तिलाई मासिक रूपमा निबृत्तिभरणको रकम भुक्तानी गर्दा निम्नानुसार गर्नु पर्ने हुन्छ :-

- “क” वर्गमा बसोबास गर्ने अबकाश प्राप्त कर्मचारीको सम्वन्धमा :

  डोल्पा जिल्ला “क” वर्गमा पर्ने हुंदा दुर्गम क्षेत्र भत्ता तीस हजार रूपैयां हुन्छ । यदि सो कर्मचारीको कर नलाग्ने सीमा रू. ८१,२५०।- र दुर्गम भत्ता रू.३०,०००।- जोड्दा हुने रकम रू. १,११,२५०।- वा सो भन्दा कम निवृत्तिभरण आय रहेछ भने त्यस्तो व्यक्तिलाई कर लाग्दैन ।
- “ख” वर्गमा बसोबास गर्ने अबकाश प्राप्त कर्मचारीको सम्वन्धमा :

सोलुखुम्वु जिल्लाको नाम्चे गाउं विकास समिति “ख” वर्गमा पर्ने हुंदा दुर्गम क्षेत्र भत्ता चौविस हजार रूपैयां हुन्छ । यदि सो कर्मचारीको कर नलाग्ने सीमा रू. ८१,२५०।- र दुर्गम भत्ता रू. २४,०००।- जोड्दा हुने रकम रू. १,०५,२५०।- वा सो भन्दा कम निवृत्तिभरण आय रहेछ भने त्यस्तो व्यक्तिलाई कर लाग्दैन ।

- “ग” वर्गमा बसोबास गर्ने अबकाश प्राप्त कर्मचारीको सम्वन्धमा :

रूकुम जिल्ला “ग” वर्गमा पर्ने हुंदा दुर्गम क्षेत्र भत्ता अठार हजार रूपैयां हुन्छ । यदि सो कर्मचारीको कर नलाग्ने सीमा रू. ८१,२५०।- र दुर्गम भत्ता रू. १८,०००।- जोड्दा हुने रकम रू. ९९,२५०।- वा सो भन्दा कम निवृत्तिभरण आय रहेछ भने त्यस्तो व्यक्तिलाई कर लाग्दैन ।

- “घ” वर्गमा बसोबास गर्ने अबकाश प्राप्त कर्मचारीको सम्वन्धमा :

भोजपुर जिल्ला “घ” वर्गमा पर्ने हुंदा दुर्गम क्षेत्र भत्ता बाह्र हजार रूपैयां हुन्छ । यदि सो कर्मचारीको कर नलाग्ने सीमा रू. ८१,२५०।- र दुर्गम भत्ता रू. १२,०००।- जोड्दा हुने रकम रू. ९३,२५०।- वा सो भन्दा कम निवृत्तिभरण आय रहेछ भने त्यस्तो व्यक्तिलाई कर लाग्दैन ।

- “ङ” वर्गमा बसोबास गर्ने अबकाश प्राप्त कर्मचारीको सम्वन्धमा :

पांचथर जिल्ला “ङ” वर्गमा पर्ने हुंदा दुर्गम क्षेत्र भत्ता ५ हजार रूपैयां हुन्छ । यदि सो कर्मचारीको कर नलाग्ने सीमा रू. ८१,२५०।- र दुर्गम भत्ता रू.६,०००।- जोड्दा हुने रकम रू. ८७,२५०।- वा सो भन्दा कम निवृत्तिभरण आय रहेछ भने त्यस्तो व्यक्तिलाई कर लाग्दैन ।

- दुर्गम क्षेत्रको कुनै पनि वर्गमा नपर्ने स्थानमा बसोबास गर्ने अबकाश प्राप्त कर्मचारीको सम्वन्धमा :

  काठमाण्डौं जिल्ला दुर्गम क्षेत्रको कुनै पनि वर्गमा नपर्ने हुंदा दुर्गम क्षेत्र भत्ता हुदैन । यदि सो कर्मचारीको निवृत्तिभरण आय कर नलाग्ने सीमा भित्र अर्थात रू. ८१,२५०।- वा सो भन्दा कम रहेछ भने त्यस्तो व्यक्तिलाई कर लाग्दैन ।

  माथिको उदाहरण वमोजिम विभिन्न क्षेत्रमा वसोवास गर्ने अबकाश प्राप्त कर्मचारीको माथि हिसाव गरिएको कर नलाग्ने रकम भन्दा बढी निवृत्तिभरण आय भएमा निम्नानुसार गर्नु पर्छ :-

  - सो कर्मचारी एक्लो हो वा दम्पत्ति हो भन्ने कुरा कर्मचारीबाट उल्लेख गराउनु पर्छ ।
  - <u>यदी कर्मचारी एक्लो भएमा</u> निजको निवृत्तिभरण आयबाट माथि हिसाव गरिए वमोजिम कर नलाग्ने रकम घटाई बढीहुने रकम मा पहिलो ७५,०००।- मा प्रतिशत र त्यसपछिको रकममा २५ प्रतिशतका दरले करको हिसाव गरि जम्मा लाग्ने कर निकाल्नु पर्छ । यसरी जम्मा लाग्ने कर लाई १२ ले भाग गर्दा हुने रकम मासिक निवृत्तिभरण भुक्तानी गर्दा कट्टी गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्छ ।
  - <u>यदी कर्मचारी दम्पत्ति भएमा</u> “क” बर्गमा बसोवास गर्ने भए १,३६,२५०।-, “ख” बर्गमा बसोवास गर्ने भए १,३०,२५०।-, “ग” बर्गमा बसोवास गर्ने भए १,२४,२५०।-, “घ” बर्गमा बसोवास गर्ने भए १,१८,२५०।-, “ङ” बर्गमा बसोवास गर्ने भए १,१२,२५०।- र अन्य स्थानमा बसोवास गर्ने भएमा १,०६,२५०।- मा कर लाग्दैन । यदि कर नलाग्ने भन्दा बढीनिवृत्तिभरण आय भएमा निजको

निवृत्तिभरण आयबाट कर नलाग्ने रकम घटाई बढी हुने रकम मा पहिलो ७५,०००।- मा १५ प्रतिशत र त्यसपछिको रकममा २५ प्रतिशतका दरले करको हिसाव गरि जम्मा लाग्ने कर निकाल्नु पर्छ । यसरी जम्मा लाग्ने करलाई १२ ले भाग गर्दा हुने रकम मासिक निवृत्तिभरण भुक्तानी गर्दा कट्टी गरी आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्छ ।

- यदी कर्मचारीले आयवर्षको कुनै समयमा चन्दा खर्च दाबी गरेमा आन्तरिक राजश्व विभागमा दर्ता भएको कर छुट पाउने संस्थालाई दिएको निवृत्तिभरण आयको ५ प्रतिशत सम्मको रकम वा रू. एक लाख मध्ये जुन घटी हुन्छ सो रकम र यदि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कर छुट हुने भनेको कामको लागि चन्दा दिएको भए त्यस्तो चन्दा खर्च रकम निवृत्तिभरण आयबाट घटाई दिनु पर्छ । त्यसरी घटाए पछि हुने रकमबाट कर नलाग्ने रकम घटाई बांकिमा मात्र १५ प्रतिशत र २५ प्रतिशत ले करको हिसाव गरि बांकि महिनामा बांकि कर दामाशाहीले कट्टी गर्नु पर्छ ।
- यदी कर्मचारीले आयवर्षको कुनै समयमा औषधिखर्च दाबी गरेमा माथि उल्लेख गरिए बमोजिम हिसाव गरि निजले पछि पाउने निबृत्तिभरणमा कट्टी हुने करमा मिलान गरी दिनु पर्छ । उदाहरणकोलागी माघ महिनामा औषधि खर्च रू. ६०००।- रहेछ भने १५ प्रतिशत ले हुने रकम रू.९००।- कर मिलान गर्न पाउछ । तर एक आयवर्षमा रू. ७५०।- सम्म मात्र कर मिलाउन पाउने हुंदा यो वर्ष निजले माघ देखि आषाढ सम्म निवृत्तिभरण भुक्तानि पाउदा रू. ७५०।- मिलान नभए सम्म कर कट्टी गर्नु पर्दैन । बढीदावी गरेको रू. १५०।- आगामी वर्षमा लाग्ने करमा

मिलान गर्न पाउंछ । यदि माघ देखी आषाढ सम्म निजको रू. ७५०।- भन्दा कम कर कट्टी हुने रहेछ भने बांकी रकम पनि आगामी वर्ष कट्टी गर्नु पर्ने करमा मिलान गर्न पाउंछ ।

*उदाहरणहरू*

कुनै अबकाश प्राप्त कर्मचारीको दशैं खर्च लगायतको बार्षिक निवृत्तिभरण आय १,८०,००० रहेछ ।

उदाहरण–१

सो कर्मचारी "क" बर्गको दुर्गम क्षेत्रमा वसोवास गर्ने एक्लो व्यक्ति रहेछ भने,

| | |
|---|---|
| निवृत्तिभरणआय | १,८०,००० |
| कर छुटको सीमा | ६५,००० |
| निवृत्तिभरणवापत २५% थप छुट | १६,२५० |
| दुर्गम भत्ता | ३०,००० |
| जम्मा कर नलाग्ने रकम | १,११,२५० |
| कर लाग्ने रकम | ६८,७५० |

बांकी पहिलो रू. ७५,००० मा १५ प्रतिशत लाग्ने हुंदा रू. ६८,७५०।- मा १५ प्रतिशत ले बार्षिक रू. १०,३१२।- कर लाग्ने हुन्छ । सो रकमलाई १२ ले भाग गर्दा हुने रकम रू. ८५९।३३ हुन्छ । तर, करको हिसाब गर्दा चानचुन पैसाको हिसाव गर्नु नपर्ने हुंदा निजलाई निवृत्तिभरण भुक्तानी गर्दा मासिक रू. ८५९।- कर कट्टी गर्नु पर्छ ।

उदाहरण–२

सो कर्मचारी “क” बर्गको दुर्गम क्षेत्रमा वसोवास गर्ने दम्पत्ति रहेछ भने,

| | |
|---|---|
| निवृत्तिभरणआय | १,८०,००० |
| कर छुटको सीमा | ८५,००० |
| निवृत्तिभरणवापत २५% थप छुट | २१,२५० |
| दुर्गम भत्ता | ३०,००० |
| जम्मा कर नलाग्ने रकम | १,३६,२५० |
| कर लाग्ने रकम | ४३,७५० |

बांकी पहिलो रू. ७५,००० मा १५ प्रतिशत लाग्ने हुंदा रू. ४३,७५०।- मा १५ प्रतिशत ले बार्षिक रू. ६,५६२।- कर लाग्ने हुन्छ । सो रकमलाई १२ ले भाग गर्दा हुने रकम रू. ५४६।८३ हुन्छ । तर, करको हिसाब गर्दा चानचुन पैसाको हिसाव गर्नु नपर्ने हुंदा निजलाई निवृत्तिभरण भुक्तानी गर्दा मासिक रू. ५४६।- कर कट्टी गर्नु पर्छ ।

उदाहरण–३

सो कर्मचारी दुर्गम क्षेत्रको कुनै बर्गमा नभई काठमाण्डौं वा बिरगंजमा वसोवास गर्ने एक्लो व्यक्ति रहेछ भने,

| | |
|---|---|
| निवृत्तिभरणआय | १,८०,००० |
| कर छुटको सीमा | ६५,००० |
| निवृत्तिभरणवापत २५छ थप छुट | १६,२५० |
| जम्मा कर नलाग्ने रकम | ८१,२५० |
| कर लाग्ने रकम | ९८,७५० |

बांकी पहिलो रू. ७५,००० मा १५ प्रतिशत र त्यसपछि २५ प्रतिशत कर लाग्ने हुंदा रू. ७५,०००।- मा १५ प्रतिशत ले रू. ११,२५०।- र त्यसपछिको बांकी रू. २३,७५०।- मा २५ प्रतिशत ले रू. ५,९३७।- गरि बार्षिक रू. १७,१८७ कर लाग्ने हुन्छ । सो रकमलाई १२ ले भाग गर्दा हुने रकम रू. १,४३२।२५ हुन्छ । तर, करको हिसाब गर्दा चानचुन पैसाको हिसाव गर्नु नपर्ने हुंदा निजलाई निवृत्तिभरण भुक्तानी गर्दा मासिक रू. १,४३२।- कर कट्टी गर्नु पर्छ ।

उदाहरण–४

सो कर्मचारी दुर्गम क्षेत्रको कुनै बर्गमा नभई काठमाण्डौं वा बिरगंजमा वसोवास गर्ने दम्पत्ति रहेछ भने,

| | |
|---|---|
| निवृत्तिभरण आय | १,८०,००० |
| कर छुटको सीमा | ८५,००० |
| निवृत्तिभरणवापत २५% थप छुट | २१,२५० |
| जम्मा कर नलाग्ने रकम | १,०६,२५० |
| कर लाग्ने रकम | ७३,७५० |

बांकी पहिलो रू. ७५,००० मा १५ प्रतिशत लाग्ने हुंदा रू. ७३,७५०।- मा १५ प्रतिशत ले बार्षिक रू. ११,०६२।- कर लाग्ने हुन्छ । सो रकमलाई १२ ले भाग गर्दा हुने रकम रू. ९२१।८३ हुन्छ । तर, करको हिसाब गर्दा चानचुन पैसाको हिसाव गर्नु नपर्ने हुंदा निजलाई निवृत्तिभरण भुक्तानी गर्दा मासिक रू. ९२१।- कर कट्टी गर्नु पर्छ ।

आयकर नियमावली, २०५९ ले तोकेको दुर्गम भत्ताको सीमा

(क) “क” वर्गका क्षेत्रमा तीस हजार रूपैया– ।

(ख) “ख” वर्गका क्षेत्रमा चौबीस हजार रूपैया– ।

(ग) “ग” वर्गका क्षेत्रमा अठार हजार रूपैया– ।

(घ) "घ" वर्गका क्षेत्रमा बाह्र हजार रूपैया- ।

(ङ) "ङ" वर्गका क्षेत्रमा ५ हजार रूपैया- ।

<u>श्री ५ को सरकारले तोकेको बिभिन्न बर्गमा पर्ने दुर्गम क्षेत्रहरू</u>

१. <u>"क" वर्गमा रहने क्षेत्रहरू</u>

(क) मनाङ जिल्ला

(ख) कालीकोट जिल्ला

(ग) मुगु जिल्ला

(घ) डोल्पा जिल्ला

(ङ) हुम्ला जिल्ला

(च) वाजुरा जिल्ला

२. <u>"ख" वर्गमा रहने क्षेत्रहरू</u>

(क) ताप्लेजुङ जिल्लाको धुन्सा र ओलाङचुङगोला यसमा पर्ने गाउं विकास समितिहरू

(ख) संखुवासभा जिल्लाको निम्न गाउं विकास समितिहरू

१. चेपुवा

२. हेदाङ्ना

३. किमाथांका

४. स्याकसिला

५. वालु

६. सीमाजोर

(ग) सोलुखुम्वु जिल्लाको निम्न गाउं विकास समितिहरू

(१) खुम्जु

(२) नाम्चे

(३) चौरीखर्क

(घ) दोलखा जिल्लाको गोगर गाउं विकास समिति

(ङ) रसुवा जिल्लाको ध्मिुर गाउं विकास समिति

(च) गोरखा जिल्लाको निम्न गाउं विकास समितिहरू

१. सिर्दिवास

२. प्रोक

३. लोहा

४. केरोजा

५. छेकम्पार

६. मान्बु

(५) वागलुङ जिल्लाको निम्न गाउं विकास समितिहरू

१. वोडांग

२. निसी

३. हुकाम

४. रन्मा

५. मैकोछ

६. छकवाछी

(ज) मुस्ता जिल्ला

(झ) जुम्ला जिल्ला

(ञ) वझाङ जिल्ला

(ट) डोटी जिल्लाको खप्तड जडीवुडी उद्यानको ९०० फिटभन्दा उचाईको भाग

(ठ) दार्चुला जिल्ला

३. <u>"ग" वर्गमा रहने क्षेत्रहरू</u>

(क) रूकुम जिल्ला

(ख) जाजरकोट जिल्ला

(ग) दैलेख जिल्ला

(घ) अछाम जिल्ला

४. <u>"घ" वर्गमा रहने क्षेत्रहरू</u>

(क) ताप्लेजुङ जिल्लाको "ख" वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेक अन्य गाउं विकास समितिहरू

(ख) भोजपुर जिल्ला

(ग) तेह्रथुम जिल्ला

(घ) संखुवासभा जिल्लाको "ख" वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेक अन्य गाउं विकास समितिहरू

(ङ) खोटाङ जिल्ला

(च) ओखलढुङ्गा जिल्ला

(छ) सोलुखुम्वु जिल्लाको "ख" वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेक अन्य गाउं विकास समितिहरू

(ज) धादिङ जिल्लाको निम्न गाउं विकास समितिहरू

१. वुडाथुम

२. लापा

३. फुलखर्क

४. रिगाउं

५. सल्यानकोट

६. सल्यानटार

(झ) सिन्धुपाल्चोक जिल्लाको निम्न गाउं विकास समितिहरू

१. वराम्चो
२. वरूवा
३. मौताडा
४. वीरता गोलदे
५. गुनसा
६. गुवा
७. किउल
८. लिस्टीकोट
९. महांकाल
१०. पांग तांग
११. फुल्पीङ कट्टी
१२. धागपालकोट
१३. टिमुनठगल टिनस ध्यागल

(ञ) लमज्ङ जिल्लाको निम्न गाउं विकास समितिहरू

१. वाहुनडांडा महेंद्रोदय
२. श्रीकाली काताधी
३. ठुलीवेसी पटाङ्गी
४. ठाकन फालिकादेवी

(ट) म्याग्दी जिल्ला

(ठ) रोल्पा जिल्ला

(ड) सल्यान जिल्ला

(ढ) प्यूठान जिल्ला

(ण) डोटी जिल्लाको “ख” वर्गमा परेका क्षेत्र देखी वाहेक वांकी क्षेत्रहरू

(त) डंडेलधुरा जिल्ला

(थ) वैतडी जिल्ला

छ. “ङ” वर्गमा रहने क्षेत्रहरू

(क) पांचथर जिल्ला

(ख) धनकुटा जिल्ला

(ग) रामेछाप जिल्ला

(घ) दोलखा जिल्ला

(ञ) रसुवा जिल्लाको “ख” वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेकका अन्य गाउं विकास समितिहरू

(च) सिन्धुपाल्चोक जिल्लाको “घ” वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेक अन्य गाउं विकास समितिहरू

(५) धादिङ जिल्लाको “घ” वर्गमा परेका गाउं विकास समिति देखी वाहेक अन्य गाउं विकास समितिहरू

(ज) लमजुञ जिल्लाको “घ” वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेक अन्य गाउं विकास समितिहरू

(झ) गोरखा जिल्लाको “ख” वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेक अन्य गाउं विकास समितिहरू

(ज) गुल्मी जिल्ला

(झ) अर्घाखांची जिल्ला

(ञ) पर्वत जिल्ला

(६) वाग्लुङ जिल्लाका "ख" वर्गमा परेका गाउं विकास समितिहरू देखी वाहेक अन्य गाउं विकास समितिहरू

<u>आयकर ऐन, २०५८ सम्बन्धी अन्य प्रकाशनहरु (ब्रोस्योर)</u>

- आयकर ऐन, २०५८ (संक्षिप्त परिचय)
- आयकर ऐन, २०५८ मा "अग्रीम करकट्टी"
- आयकर ऐन, २०५८ मा "छुट हुने रकम"
- आयकर ऐन, २०५८ मा "नोक्सानी समायोजन"
- करको भुक्तानी तथा असुली प्रक्रिया
- करको आधार र आयको गणना
- करदाताको अधिकार र कर्तव्यहरु
- करका दरहरु
- प्रशासकीय पुनरावलोकन
- सम्पत्ति वा दायित्वको निसर्गबाट हुने लाभ वा नोक्सानी
- शुल्क, व्याज, कसूर तथा सजायको व्यवस्था
- ह्रास कट्टीको निर्धारण
- पारिश्रमिक कर सम्बन्धी व्यवस्था
- आय निर्धारण गर्दा कट्टी गर्न र घटाउन पाइने तथा कट्टी गर्न नपाइने खर्चहरू